- नगर कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी संरचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास (Organization and Management) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणाली (career development system) लाई व्यवस्थित गरिनेछ।
- संघीय तथा प्रादेशिक सरकारको अनुदानमा प्राप्त हुने योजना, परियोजना तथा जिल्ला समन्वय समितिबाट समायोजन भई आउने विभिन्न दरबन्दीका कर्मचारीहरुको यथोचित परिचालन गर्ने नीति अवलम्बन गर्नुका साथै उक्त पदहरुको कार्यबोझ, कार्यपद्दति र कर्मचारीको आवश्कता लगायतका विषयहरुको अध्ययन गरी दरबन्दी हेरफेर तथा कटौति गर्दै जाने र स्वर्णिम बिदाई (golden handshake) गर्ने सहितको मानव संशाधन व्यवस्थापन (human resource management) नीतिलाई अवलम्बन गरिनेछ।
- बुढिगंगा नगरपालिकाको मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका विनियम, निर्देशिका तथा कार्यविधिहरु तय गरिनेछ।
- "बुढिगंगा नगरपालिकाको प्रतिबद्धता पारदर्शिता,चुस्तता र जवाफदेहिता" भन्ने नारा लिई सार्वजनिक सेवा प्रवाह गरिनेछ।

संस्थागत क्षमता विकास

- सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अभिलेख केन्द्रलाई सुदृढीकरण गरिनेछ।
- नगरपालिका स्तरमा एकिकृत सेवा केन्द्र (Integrated Service Center) को अवधारणालाई सेवा प्रवाहमा जोड्न सकिने सम्भाव्यताको अध्ययन गरी उचित कार्यक्रम तय गरिनेछ।
- आगामी आ.व. देखि नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विषयगत कार्यालयहरु, गैरसरकारी संघसंस्थाहरुमा सुशासन विकास इकाइ (Good Governance Development Unit) स्थापना गर्दै जाने नीति लिइनेछ।

संस्थागत पूर्वाधार

- नगरपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणाली (tax system)लाई फराकिलो तथा प्रभावकारी बनाइनेछ।
- विद्युतीय शासन प्रणाली (e-governance system) मार्फत नगरपालिकाको क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारवाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ।
- क्षमता विकास योजना (capacity development plan) तय गरी नगरपालिकाको आवश्यकता र चाहना अनुरुप अवलम्बन गरिनेछ।

नागरिक बडापत्र तथा टोकन प्रणाली

238. डिजिटल नागरिक बडापत्रको निर्माण गरी बडापत्रमा सार्वजनिक निकायबाट प्रवाह गरिने सबै सेवाहरुको लागत, समय, प्रक्रिया, सम्बन्धित अधिकारी र गुनासो सुनुवाई गर्ने प्रक्रियालाई निरन्तर अद्यावधिक गरिनेछ।
239. बढी सेवाग्राहीहरु हुने कार्यालयमा टोकनमा आधारित सेवा प्रवाहलाई विस्तार गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ।

सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग

240. विद्युतीय सूचना प्रविधि सार्वजनिक सेवा प्रवाहका विभिन्न क्षेत्रहरुमा प्रयोग गरी स्वचालित सेवा प्रवाह (Auto-piloting Service Delivery) बनाउन जोड दिइनेछ।

सामाजिक विकास समिति

शिक्षा

241. बुढिगंगा नगरपालिकाले शिक्षा क्षेत्रलाई समृद्धिको आधारको रुपमा ग्रहण गर्दै एक स्थानीय तह एक नमुना विद्यालयको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ।
242. आ.व. २०७६/०७७ लाई शैक्षिक लगानीको वर्षको रुपमा कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ।
243. नगर भित्र रहेका सामुदायिक बिद्यालयमा नेपाल सरकार द्वारा स्वीकृत दरबन्दी अत्यन्त न्युन भई शैक्षीक गुणस्तर कायम गर्न चुनौती भएकाले यसै बर्ष देखी विद्यार्थी अनुपातका आधारमा नगर स्वयंम सेवक शिक्षक नियुक्त गरि समुदायले झेल्नु परेको आर्थिक झन्झट बाट मुक्त गरिनेछ।
244. विद्यालयहरुमा शिक्षकहरुको नियमितता तथा प्रभावकारी शिक्षण सिकाई क्रियाकलापको लागि विद्यार्थी चेक लिष्ट तथा इ-हाजिरी क्रमागत रुपमा विद्यालयहरुमा लागु गरिदै लगिनेछ।
245. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभाव तथा महत्वलाई आत्मसात गर्दै एक विद्यालय एक कम्प्युटर शिक्षकको कार्यक्रम क्रमागत रुपमा लागु गरिदैं लगिनेछ।
246. विगतमा रहेको नीजी स्रोतको शिक्षकहरुको समस्यालाई निर्मुल पार्दै विद्यार्थी सङ्ख्याको प्रक्षेपण गरी शिक्षकको दरबन्दी पदपूर्ति गरिनेछ।
247. योग्य र बरिष्ठ शिक्षकलाई नेतृत्व सुम्पिएर बिद्यालय प्रशासन तथा ब्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन प्रधानाध्यापक मिलान कार्यलाई यथाशक्य सुदृढीकरण गरिनेछ।
248. शिक्षाको अवधारणालाई कार्यमूलक बनाउदै बालमैत्री शैक्षिक वातावरण कायम गर्न सम्बन्धित शैक्षिक सरोकारवालासँग संयुक्त योजना सहित सहकार्य र समन्वयको नीति लिइनेछ।